

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन १० गते बुधबार ❑ 22 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## संसदमा अम्पायरको जस्तै भूमिका खेल्छु : सभामुख

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, ९ फागुन



प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले अम्पायरको अब्बल भुमिका गर्ने बताएका छन् । नेपालका राजनीतिकदललाई खेलाडीको संज्ञादिदै दलहरुले राम्रो खेल प्रदर्शन गर्नुपर्ने बताएका हुन् ।

स्याङ्जाको कालीगण्डकी गाउँपालिका ७ मिर्मीमा १५ शैयाको कालीगण्डकी अस्पतालको शिलन्यास तथा अध्यक्ष कप खेलकुद प्रतियोगिताको उद्घाटन गर्दै सभामुख घिमिरेले संसदमा आफु अब्बल अम्पायरको भुमिका खेल्ने बताए । जसरी खेलाडीहरु अनुशासित तवरले खेल खेल्छन् सभामुख घिमिरेले भने,'दलहरु पनि अनुशासित तवरले प्रस्तुत् हुनुपर्छ ।' संसदको गरिमा सांसदले नै बढाउनु आवश्यक छ उनले भने । खेलाडीले उच्च मनोबलका साथ प्रतियोगितामा भाग लिएर बिजयी बनाउन टिमको सहकार्य बलियो हुनुपर्छ उनले भने,'संसदको गरिमा उच्च बनाउन सांसदको भुमिका रहनेगर्छ ।' संविधानसभामा सांसदहरुले उठाएका सवालहरुको समाधानमा आफ्नो पहलकदमी हुने उनले बताए । खेलको जस्तै संसदलाई संज्ञा दिएका सभामुख घिमिरेले आफु अम्पायर हो मलाई सघाउनुहोस उनले भने । नागरिकले अनुभुती गर्नपाउने विकासको मोडालिटी बनाउनुपर्ने धारणा राख्दै सभामुख घिमिरेले स्वास्थ्य, शिक्षा, रोजगारलाई प्रथामिकता दिनुपर्ने बताए । २१ करोड ५७ लाखको लागतमा निर्माण हुन लागेको १५ शैयाको कालीगण्डकी अस्पताल २०८१ कार्त्तिक मसान्त सम्म सम्पन्न गर्ने गरी आरएनसिएस विकोनजेभीले जिम्मेवारी पाएको छ। यो अस्पताल संचालनमा आएपछि स्याङ्जा लगायत गुल्मी, पर्वतका सेवाग्राही प्रत्यक्ष लाभान्वित हुने कालीगण्डकी गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताए । यसै बिच सभामुख घिमिरेले पालिकास्तरीय अध्यक्ष कप प्रतियोगिताको समेत ृद्घाटन गरेका छन् । ६ विद्याका १९ खेल संचालन भएको प्रतियोगितामा पहिलोपटक धैरै खेलकुद विद्या समेटीएको आयोजकले जनाएको छ । कार्यक्रममा कालीगण्डकी २ लसर्घाले संरक्षण गरेको लोपोन्मुख जिउमा नृत्य प्रस्तुत् गरिएको थियो ।

पालिकाले निर्माण गरेको पालिकाको झण्डा र निशासन छाप डिजाइन गर्ने मदन भट्टराई र रितिजा श्रेष्ठलाई जनही ५०–५० हजार सहित सम्मान गरिएको थियो । नवौं राष्ट्रिय खेलकुदमा कालीगण्डकीबाट प्रतिनिधित्व गरेर विभिन्न पदक जित्ने खेलाडीलाई नगद सहित सम्मान गरिएको थियो । गाउँपालिकाले खेलकुदमा ठुलो लगानी गरेका कारण राष्ट्रिय तथा प्रादेशीक खेलकुदमा खेलाडीहरु समावेस हुने अवसर पाएका छन् । यसले युवा पुस्तामा खेलकुदमा आकर्षण बढेको छ ।

## शिक्षा क्षेत्रमा अहिलेको बजेट पर्याप्त छैन : उपप्रधानमन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
गोरखा, ९ फागुन



उपप्रधान, भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठ (प्रकाश) ले शिक्षा क्षेत्रका लागि अहिले विनियोजन हुँदै आएको बजेट पर्याप्त नभएको बताउनु भएको छ ।

गोरखा सदरमुकाममा एकीकृत अखिल नेपाल शिक्षक सङ्गठन गोरखाको सातौं जिल्ला अधिवेशनलाई आज सम्बोधन गर्नुहुँदै उहाँले शिक्षा क्षेत्रको विकासका लागि बजेट पर्याप्त नभएको बताउनुभएको हो। "शिक्षालाई विकास र समृद्धिको मुख्य कडी मान्ने तर शिक्षा क्षेत्रमा लगानी बढाउन तयार नहुने यो अन्तरविरोधलाई कायम राखेर हाम्रो समृद्धिको लक्ष्य पूरा हुन सक्दैन", उप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "बरु रेल बनाउने कार्य केही समय रोके हुन्छ तर मुख्य जग शिक्षालाई उन्नत बनाउन एकीकृत योजना चाहिन्छ, त्यसका निम्ति साधन स्रोतको पनि व्यवस्था गर्नुपर्छ ।" उहाँले अहिलेको लगानी असाध्यै अपूर्ण रहेको भन्दै शिक्षामा लगानी गर्न कन्जुस्याइँ गरे देश बन्न नसक्ने बताउनुभयो । "सामुदायिक विद्यालयलाई उत्कृष्ट बनाउन सकेमात्र शिक्षा क्षेत्रलाई समाजवादको दिशामा अगाडि बढाउन सकिन्छ", उप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "देश रुपान्तरणमा शिक्षा क्षेत्रको विकास महत्वपूर्ण पाटो हो ।"

उहाँले विदेसिएका युवाहरूलाई स्वदेश फर्काउनका लागि समृद्ध नेपाल निर्माण गर्नसक्नुपर्ने बताउनुभयो । शिक्षा क्षेत्रको विकासका लागि शिक्षकलाई प्रविधिमैत्री बनाउँदै उनीहरूको क्षमता विकासमा जोड दिनुपर्ने आवश्यकता रहेको उपप्रधानमन्त्री श्रेष्ठले औँल्याउनुभयो ।

उप्रधानमन्त्री श्रेष्ठले शिक्षकहरूले नेपालको राजनीति परिवर्तनका लागि महत्वपूर्ण भूमिका खेलेको भन्दै प्रंशसासमेत गर्नुभयो । उहाँले अहिलेको मुख्य काम सामाजिक न्यायसहितको समृद्धि भएको भन्दै समृद्धिको लक्ष्य प्राप्तिका लागि शिक्षा क्षेत्रको आमूल परिवर्तन पहिलो आवश्यकता रहेको बताउनुभयो । "भोलि तपाइँहरूले शिक्षा क्षेत्रको आफ्नो भूमिका छोडेर समाजको अरू भूमिकामा जाँदा क्रान्तिकारी आन्दोलन इतिहास तथा योगदानलाई बिर्सन मिल्दैन", उहाँले भन्नुभयो, "तर अहिले सक्रिय राजनीतिक नेताभन्दा मुख्य भूमिका चाहीँ शिक्षा क्षेत्रको आमूल परिवर्तन गर्ने नेता हुनु जरुरी छ ।"

## कुनै व्यक्ति वा समूहले भन्दैमा कर्जा मिनाहा गर्न मिल्दैन : पूर्वगभर्नर क्षेत्री

**पोखरापत्र संवाददाता**
गोरखा, ९ फागुन

नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले कुनै व्यक्ति वा समूहले भन्दैमा कर्जा मिनाहा गर्न नहुने बताउनुभएको छ ।

नेपाल लघुवित्त बैंकर्स सङ्घको आयोजनामा गोरखा सदरमुकाममा आज आयोजित वित्तीय साक्षरता कार्यक्रममा उहाँले कसैले भन्दैमा कर्जा मिनाहा नहुने बताउनुभएको हो । पूर्वगभर्नर क्षेत्रीले बैंकिङ क्षेत्रमा तरलताको समस्या देखिएको अवस्थामा पनि लघुवित्त संस्थाले ब्याजदर वृद्धि नगरी सेवा प्रदान गर्नु सकारात्मक कार्य भएको टिप्पणी गर्नुभयो ।

उहाँले ऋणीले जुन प्रयोजनका लागि काम गर्ने हो भनेर ऋण लिएका छन् सोही प्रयोजनअनुसार काम गर्ने हो भने ऋण तिर्न र किस्ता बुझाउन समस्या नहुने बताउनुभयो । 'कर्जाको सही सदुपयोग हुने अवस्था आउने हो भने धेरै समस्या नै आउँदैन', पूर्वगभर्नर क्षेत्रीले भन्नुभयो, 'कर्जाको उचित सदुपयोग गर्नेतर्फ ऋण लगानी गर्ने संस्था र ऋणी दुवै सचेत हुनुपर्छ ।' उहाँले लघुवित्तका ग्राहक सदस्यलाई कर्जाको सही सदुपयोग गर्न अनुरोध गर्दै कर्जा दुरुपयोग गर्दा लगानी डुब्ने अवस्था आउने बताउनुभयो । त्यसबाट सदस्यले कठिनाइ तथा कानूनी झमेला बेहोर्नुपर्ने भन्दै उहाँले सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल राष्ट्र बैंकको गण्डकी प्रदेश कार्यालयका उपनिर्देशक नविना ढकालले लघुवित्तले ग्रामीण अर्थतन्त्र उकास्न महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो । गोरखा जिल्लाका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले कर्जाको किस्ता नतिर्ने भनी लघुवित्त विरुद्धको सङ्घर्ष समितिको पछाडि नलाग्न ग्राहक सदस्यलाई आग्रह गर्नुभयो । उहाँले आफ्नो कारोबार नबिगारिकन अनुशासित सदस्यका रूपमा आफूलाई परिचित गराउन लाग्नुपर्ने भन्दै लघुवित्तले नीति विपरीत कार्य गरे कानूनी उपचार खोज्न सुझाव दिनुभयो ।

## विज्ञान र प्रविधिको विकासमा प्रतिबद्ध छु: प्रधानमन्त्री दाहाल

**रासस**
काठमाडौं, ९ फागुन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विज्ञान र प्रविधिको विकास नभइ नेपालको विकास हुन नसक्ने बताउनुभएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार राष्ट्रिय आविष्कार केन्द्रका प्रमुख महावीर पुनसँगको छलफलमा उहाँले विज्ञान र प्रविधिको विकासमा जोड दिनुभएको हो । "वैज्ञानिक आविष्कारको क्षेत्रलाई अगाडि नबढाइकन नेपालको विकास हुँदैन", प्रधानमन्त्री दाहालले भन्नुभयो । वर्तमान युग विज्ञान र प्रविधिको युग भएकाले कुनै पनि देशको अस्तित्वका लागि यसको विकास अपरिहार्य भइसकेको चर्चा गर्दै उहाँले बताउनुभयो, "अहिलेको युग नै विज्ञान र प्रविधिको हो । जसले लगानी र प्रगति गर्छ त्यो टिक्छ, जसले गर्दैन त्यो टिक्दैन ।"

विज्ञान र प्रविधिको क्षेत्रमा राज्यको यथेष्ट लगानी हुनुपर्ने विषयमा आफ्नो ध्यानाकर्षण भएको बताउँदै प्रधानमन्त्री दाहालले विद्यमान ऐन कानुनको कार्यान्वयनमा देखिएका समस्या समाधान गर्दै अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

उक्त केन्द्रका प्रमुख महावीर पुन नेतृत्वको टोलीले नेपालको विकासका लागि विज्ञान र प्रविधिका क्षेत्रमा संस्थाले निर्वाह गर्दै आएको भूमिकाबारे प्रधानमन्त्रीलाई जानकारी गराएको थियो ।

कृषि, शिक्षा, ऊर्जा, पर्यटन, स्वास्थ्यलगायत क्षेत्रमा नवीनतम आविष्कारका माध्यमबाट आत्मनिर्भर हुनेगरी नेपालको निर्माण गर्न सकिने अनुभव सुनाउँदै प्रमुख पुनले राज्यका तर्फबाट यो क्षेत्रलाई विशेष प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

छलफलमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठ, नेकपा (माओवादी केन्द्र)का विज्ञान प्रविधि विभाग प्रमुख गणेश साह, महासचिव देव गुरुङलगायतको उपस्थिति थियो ।

## आइसिसी लिग–२ : नेपाललाई त्रिकोणात्मक सिरिजको उपाधि


**रासस**
काठमाडौं, ९ फागुन

आइसिसी विश्वकप क्रिकेट लिग–२ अन्तर्गत घरेलु मैदानमा भएको त्रिकोणात्मक एकदिवसीय सिरिजको उपाधि नेपालले जितेको छ ।

चौथो तथा आजको अन्तिम खेलमा स्कटल्याण्डलाई दुई विकेटले हराउँदै नेपालले सिरिजमाथि कब्जा जमाएको हो । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेपछि स्कटल्याण्डले पहिला ब्याटिङको निम्तो पाएको थियो । स्कटल्याण्डले निर्धारित ५० ओभरको खेलमा ४६ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै दुई सय १२ रनको योगफल बनायो । दुई सय १३ रनको विजय लक्ष्य नेपालले ३५ बल बाँकी छँदै आठ विकेट गुमाएर पुरा गर्‍यो ।

नेपालले ६१ रन बनाउँदा आफ्ना महत्वपूर्ण पाँच विकेट गुमाइसकेको थियो । एक सय ३८ रन बनाउँदा आठ विकेट गुमाएको अवस्थामा नेपाली पारीलाई कप्तान रोहितकुमार पौडेल र अलराउण्डर करण केसीले उत्कृष्ट खेल प्रदर्शन गरेपछि सिरिजको उपाधि सुरक्षित सम्भव भएको हो । दुवैबीच ७५ रनको साझेदारी भएको हो । कप्तान पौडलेले अविजित ९५ तथा केसीले ३१ रनको योगदान दिए । यस्तै ज्ञानेन्द्र मल्लले २१, कुशल मल्लले १७ र आशिफ शेखले १२ रन बनाए । बलिङतर्फ स्कटल्याण्डका मार्क वाटले तीन र क्रिस ग्रेभ्ब्सले दुई विकेट लिए । यसअघि दुई सय १२ रन बनाउने क्रममा स्कटल्याण्डका लागि जर्ज मुन्शेले सर्वाधिक ६० रनको योगदान दिए । उनले ५० बलमा नौ चौका र दुई छक्काको मद्दतमा ६० रन बनाए । यस्तै म्याथ्यु क्रसले ४२, ब्रेन्डन म्याकुलमले ३१ तथा काइल कोट्जर र क्रिसटोफर म्याकब्राइडले समान २२/२२ रन बनाए । बलिङतर्फ नेपालका सन्दीप लामिछानेले चार विकेट लिए । यस्तै करण केसीले तीन, ललितनारायण राजवंशी र कुशल मल्लले समान एक एक विकेट लिए । यसअघिको खेलमा पनि नेपालले स्कटल्याण्डलाई तीन विकेटले हराएको थियो । यस्तै नेपालले नामिबियाविरुद्धको पहिलो खेल दुई विकेटले र दोस्रो खेल तीन विकेटले जितेको थियो । लिग–२ मा नेपाल २६ अङ्कका साथ छैटौं स्थानमा छ ।

नेपालले हालसम्म खेलेका २८ खेलमध्ये १२ मा जित तथा १४ खेलमा हार बेहोरेको छ । यस्तै स्कटल्याण्डले ३६ खेलमा ५० अङ्क जोड्दै शीर्षस्थान रहँदै लिग–२ टुङ्ग्याएको छ । स्कटल्याण्ड लिग–२ को च्याम्पियनसमेत बनेको छ । यस्तै जारी सिरिजमा चारवटै खेलमा पराजित भएको नामिबियाले हालसम्म ३४ खेल खेल्दै ३७ अङ्क जोडेको छ । नामिबिया लिग–२ को तेस्रो स्थानमा छ ।

# पोखरामा बुधबारदेखि सूर्य नेपाल वेस्टर्न ओपन गल्फ प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन




पोखरामा बुधबारदेखि सूर्य नेपाल गल्फ टुर सन् २०२२-२३ अन्तर्गतको चौथो प्रतियोगिता, सूर्य नेपाल वेस्टर्न ओपन गल्फ प्रतियोगिता हुने भएको छ । पोखराको हिमालयन गल्फ कोर्समा संचालन हुने उक्त प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको मंगलबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो ।

सूर्य नेपाल वेस्टर्न ओपनको यो २३ औं संस्करण हो । प्रतियोगितामा करिब ४५ जना प्रतियोगिहरुको सहभागिता हुने भएको छ। प्रोफेसनल गल्फर्स एसोसिएसन नेपालको आयोजना र सूर्य नेपाल प्रा. लि.को प्रायोजनमा सञ्चालन हुने उक्त प्रतियोगिता ५४ होलको खेलाइने भएको छ भने प्रतियोगितामा ३१ जना व्यवसायीक र १४ जना एमेच्योर खेलाडीहरु सहभागि हुने भएको एशोसियसनका महासचिव दीपक आचार्यले जनाए । दुई दिनको खेल पश्चात उत्कृष्ट २१ प्रोफेसनल र कम्तीमा ६ एमेच्योरले अन्तिम १८ होलका लागि कट बनाउने भएको उनले जनाए । पोखराका कमल तामाङ, भुवन गुरुङ लगायतका करिब १० जना खेलाडीहरु सहभागि हुने भएको महासचिव आचार्यले जनाए । यस बर्ष नगद पुरस्कार राशीमा ५० हजारले वृद्धि गरी पुरस्कार राषि मात्र ८ लाख पुर्याइएको आयोजकले जनाएको छ । प्रतियोगितामा विजेताले १ लाख ४० हजार, उपविजेताले ९० हजार र तेस्रो हुने खेलाडीले ६७ हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । यसैगरी शीर्ष २१ मा रहने खेलाडीहरुले समेत नगद पुरस्कार प्राप्त गर्ने भएका छन् । चोथोले ५५, पाचौंले ४७, छैटौंले ४० हजार ५ सय र २१ औं हुनेले भने ८ हजार नगद पुरस्कार प्राप्त गर्ने भएको छ ।

प्रतियोगितामा नेपाल नम्बर एक व्यवसायिक खेलाडी शुक्र बहादुर राई, भुवन नगरकोटी, दिनेश प्रजापति, सञ्जय लामा, धन थापा र रामे मगर तथा १३ औं दक्षिण एसियाली खेलकुदका दोहोरो स्वर्ण पदक विजेता सुवास तामाङसँगै राष्ट्रिय टोलीका अर्का खेलाडी सद्भाव आचार्य प्रतियोगिताको प्रमुख दावेदारको रुपमा रहेका छन् । सूर्य नेपाल इस्टर्न ओपनको एमेच्योर उपाधि विजेता राजेन राईले यो प्रतियोगिताबाट प्रोफेसनल करियरको यात्रा सुरू गर्दैछन् । देशका शीर्ष प्रोफेसनल र एमेच्योर खेलाडीहरु बीचको प्रतिस्पर्धालाई थप रोमाञ्चक बनाउनका लागि हिमालयन गल्फ कोर्सलाई परिमार्जित गर्दै व्यबस्थित पारिएको हिमालयन गल्फ कोर्षका प्रबन्ध निर्देशक भुवन गुरुङले बताए । माछापुच्छे हिमालको सुन्दर पृष्ठभूमि र विजयपुर नदीको किनारामा रहेको विश्वकै उत्कृष्ट मध्यको एकमा उक्त कोर्ष पर्ने उनले दाबी गरे । ६९ पारको १६ होल रहेको कोर्समा पहिलो र दोस्रो होल दोर्याएर खेल्नु पनि चुनौतीपुर्ण हुने खेलाडीहरुले बताए । यो प्रतियोगिता वर्ल्ड एमेच्योर गल्फ रयाङ्किङ अन्तर्गत रहेको छ र एमेच्योर खेलाडीले आफ्नो वरियता सुधार गर्न महत्वपूर्ण अङ्क प्राप्त गर्न सक्नेछन्। काडमाण्डौं, धरान र पोखराबाट सहभागि हुने उक्त प्रतियोगितामा करिब १५ लाख खर्च हुने भएको आयोजकले जनाएको छ । उक्त खेलबाट पर्यटन प्रबर्द्धनमा थप टेवा पुग्ने भएको एशोसियसनले जनाएको छ ।

# हेमजामा ११ औं राष्ट्रिय आलु महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन



आलु गाउँका रुपमा ख्याती कमाएका कास्कीको हेमजामा आगामी चैत २६ गतदेखि बैशाख ३ गतेसम्म ११ औं राष्ट्रिय हेमजा आलु महोत्सव हुने भएको छ ।

'सुन्दर ठाउँ हेमजा जाउँ, आलुका स्वादिष्ट परिकार खाउ, आलु एक परिकार अनेक' भन्ने मूल नाराका साथ विष्णुपादुका खेलमैदान पोखरा २५ हेमजामा हुने छ । मंगलबार हेमजामा बसेको भेलाले सुबिन श्रेष्ठको संयोजकत्वमा मुल आयोजक समिति गठन गरेको छ ।

समिति महासचिवमा वसन्तकुमार श्रेष्ठ, सचिवमा चन्द्रमान श्रेष्ठ तथा कोषाध्यक्षमा मधुर कुँवर रहनु भएको छ। भेलाले विभिन्न उपसमिति पनि गठन गरेको छ। अर्थ संकलन उपसमिति संयोजकमा डम्बरबहादुर कुँवर, लेखा उपसमिति संयोजकमा राम सापकोटा, स्टल रेस्टुरेस्ट उपसमिति संयोजकमा राजेन्द्र थापा, आमा समूह परिचालन उपसमिति संयोजकमा उमा भुर्तेल, अतिथि सत्कार उपसमिति संयोजकमा शान्ता केसी, सांस्कृतिक उपसमिति संयोजकमा दानबहादुर थापा, सुरक्षा व्यवस्थापन उपसमितिको संयोजकको जिम्मेवारी डम्बरबहादुर अधिकारीलाई दिइएको छ ।

भेलाले पानी बिजुली उपसमिति संयोजकमा केशव गिरी, यातायात तथा पार्किङ उपसमिति संयोजकमा बिपिन थापा, बैंक तथा बित्तीय संघसंस्था समन्वय उपसमिति संयोजकमा कृष्ण पौडेल, स्वयंसेवक परिचालनमा अस्बिन थापा, प्रचारप्रसार उपसमितिमा निराजन अधिकारी, झाँकी ऱ्याली व्यवस्थापनमा पार्वती बाँस्तोला, कृषि परिचालन उपसमिति जयराम तिमिल्सिना, प्राथमिक उपचारमा अनिल पौडेल, छपाइ तथा अनलाइन व्यवस्थापनमा नरेस सिरस र वैदेशिक समन्वयमा मनोज कार्कीले पाउनु भएको छ ।

वि.स २०६६ सालदेखि वार्षिक रुपमा चैतमा हुँदै आएको उक्त महोत्सवको पहिलो संस्करण स्थानीय बहुउद्देश्यीय किसान सहकारी संस्थाले, दोस्रो संस्करण तत्कालिन हेमजा गाविसले तथा तेस्रो संस्करणदेखि लगातार विष्णुपादुका क्लवले गर्दै आएको थियो । कोरोना भाइसरको संक्रमणका कारण बिगत ३ बर्षदेखि स्थगित भएको महोत्सव यस बर्षदेखि निरन्तर दिन लागिएको हो । क्लबका अध्यक्ष सुबिन श्रेष्ठको अध्यक्षतामा बसेको भेलाको सञ्चालन सचिव बसन्तकुमार श्रेष्ठले गर्नु भएको थियो ।

# फ्युचर ब्राइटर र कास्की मोडनाइज हिसान गण्डकी फुटसलको फाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन



फ्युचर ब्राइटर बाग्लुङ र कास्की मोडनाइज पोखरामा जारी प्रथम हिसान गण्डकी प्रदेश फुटसल प्रतियोगिताको फाइनलमा प्रबेश गरेका छन् ।

मंगलबार भएको पहिलो सेमिफाइनलमा फ्युचर ब्राइटर बाग्लुङले कास्की च्याम्पीयन जुनियर सिटिजन एकेडेमी (जेसिए) लेखनाथलाई ३-० गोल हराउदै फाइनलमा प्रबेश गरेको छ। फिचर बाइटरको जितमा यमबहादुर थापाले दुई गोल र बिवेक थापाले एक गोल गरे । दुई गोल गरेका यमबहादुर थापाले प्रतियोगिताको म्यानअफ दि म्याच भए । मंगलबार भएको दोस्रो सेमिफाइलन खेलमा कास्की मोडनाइजले सगरमाथा बि लाई ३-२ गोल अन्तरले हराउदै फाइनलमा प्रबेश गऱ्यो । कास्की मोडनाइजको जितमा प्रनिल रायमाझीले ह्याट्रिक गरे । उनले प्रतियोगिताको म्यान अफदि म्याच घोषित भए । सगरमाथाका लागि सागर गुरुङ र समिप क्षेत्रीले एक/एक गोल गरे । हिसान गण्डकीको आयोजना तथा प्रतियोगिताको व्यवस्थापन सबिन ममोरियल क्लब पोखराले गरेको छ । प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने छन् ।

प्रतियोगितामा गण्डकी प्रदेशका ४ जिल्लाका १३ टिमले भाग लिएका थिए । फुटबलको तल्लो स्तरबाट विकास गर्ने उद्देश्यका साथ प्रतियोगिता आयोजना गरेको प्रतियोगिताका संयोजक सन्तोष पराजुलीले जानकारी दिए । प्रतियोगितामा कक्षा ११ र १२ का विद्यार्थीहरु सहभागी थिए ।

# पोखरा कलेज अफ म्यानेजमेन्टमा ग्रेजुएसन समारोह सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन




पोखरा कलेज अफ म्यानेजमेन्टले कलेजबाट स्नातक तह उत्तिर्ण विद्यार्थीहरुको सम्मानमा मंगलबार ग्रेजुएसन समारोह सम्पन्न गरेको छ ।

समारोहमा बिबिए र बिसिआईएस कार्यक्रममा गरी कुल ७८ विद्यार्थीहरुलाई ग्रेजुएसन गरिएको कलेजका बिबिए कार्यक्रम संयोजक सरोज कुँबरले बताउनुभयो ।

समारोहमा बोल्दै पोखरा विश्वविद्यालय व्यवस्थापन संकायका डिन डा. दयाराज ढकालले विश्वविद्यालय र कलेजले प्रदान गरेको शिक्षालाई विद्यार्थीहरुले समाजको हीतमा प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो । समाजमा सबैले सम्झनालायक काम गरेर जीवन बिताउनुपर्ने समेत डिन ढकालले बताउनु भयो । कार्यक्रममा यस वर्ष दीक्षित विद्यार्थीहरुलाई डिन ढकालले कार्यक्षेत्रमा कर्तव्यनिष्ठ भएर विश्वविद्यालय र कलेजको शिर उँचो बनाउने सपथ ग्रहण समेत गराउनु भयो । कार्यक्रममा पोखरा विश्वविद्यालयका परिक्षा नियन्त्रक डा. तुलसीराम भण्डारी, प्राध्यापक डा. विनायक प्रसाद भद्रा, कलेजका प्राचार्य डा. चैतन्यराज अधिकारी र उप प्राचार्य लिना नेगी श्रेष्ठले समेत आफ्नो भनाइ राख्दै विद्यार्थीहरुलाई व्यवसायीक तथा पेसागत जीवनको सफलताको कामना व्यक्त गर्नुभएको थियो । कलेज व्यवस्थापन समितीका कार्यवाहक अध्यक्ष कोमल प्रसाद तिमिल्सिनाको सभापतित्वमा सम्पन्न कार्यक्रममा दीक्षित विद्यार्थीहरु, उनीहरुको अभिभावक तथा शिक्षकहरुको सहभागिता रहेको थियो । पोखरा विश्वविद्यालयको सम्बन्धन प्राप्त गरी २०५८ मा स्थापित यस कलेजले हाल स्नातक तहमा बिबिए र बिसिआईएस (आईटी) कार्यक्रमको अध्यापन गराउँदै आइरहेको बिसिआईएस कार्यक्रम संयोजक ई. हरी प्रसाद बरालले बताउनुभयो ।

# नयाँ वर्षलाई स्वागत गरी मनाइयो ग्याल्पो ल्होसार

**रासस**
काठमाडौं, ९ फागुन

प्रत्येक वर्ष फागुन शुक्ल प्रतिपदाका दिन शेर्पा समुदायले मनाउने सांस्कृतिक पर्व ग्याल्पो ल्होसार विविध कार्यक्रम आयोजना गरी मनाइएको छ ।

नयाँ वर्षका रुपमा शेर्पा समुदायले २१५० औं ग्याल्पो ल्होसार मंगलबार बाघ वर्षलाई बिदाइ गरी खरायो वर्षलाई स्वागत गरेर मनाएका हुन् । मुसा, गाई, बाघ, खरायो, ड्रागन (मेघ), सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र बराह गरी १२ वर्गमा ग्याल्पो ल्होसारलाई विभाजन गरिएको छ । ल्होसार शब्दले नयाँ वर्ष बुझाउँछ। आजदेखि शेर्पा समुदायको २१५० औं साल सुरु भएको छ । ग्याल्पो ल्होसार फागुन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म विविध कार्यक्रम आयोजना गरी भव्यरुपमा मनाउन परम्परा शेर्पा समुदायमा छ। ग्याल्पो ल्होसार भोटका नवौँ राजा उदे गुङ्यालका पालादेखि वसन्त पर्वका नामले मनाउन सुरु गरिएको हो । समय क्रममा ग्याल्पो ल्होसार नामकरण भएको अनुसन्धाता टीका शेर्पाले बताउनुभयो । विगतमा हिमाली क्षेत्रका १२ जिल्लामा मनाइने ग्याल्पो ल्होसार हाल हाल २२ जिल्लामा मनाइन्छ । शेर्पा जातिको बसाइँसराइसँगै यो पर्व मनाउने जिल्ला बढेको हो । पुस १५ मा गुरुङ समुदायले तमु र माघ शुक्ल प्रतिपदाका दिन तामाङ समुदायले पनि सोनाम ल्होसारका नाममा यो पर्व मनाउँछन् । यस अवसरमा बौद्ध स्तूप र शेर्पा सेवा केन्द्रमा पूजाआजा गरिएको छ । पूजा आराधनासँगै शेर्पा समुदायको सांस्कृतिक नाच एवं वेशभूषा प्रदर्शन हुने गरी कार्यक्रमको आयोजना पनि गरिएको थियो । मंगलबार सुरु भएको ग्याल्पो ल्होसार शेर्पा समुदायले विविध कार्यक्रम आयोजना गरी १५ दिन अर्थात् फागुन शुक्ल पूर्णिमासम्म मनाउँछन् ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# काम विहीन संसद

निर्वाचनबाट आएको संघीय संसदलाई सरकारले विजनेस नदिँदा यश पटकको हिउँदे अधिवेशनले त्यसै सकिने भएको छ।अघिल्लो प्रतिनिधि सभापछि निष्क्रिय भएका विधेयकहरुलाई पुनः दर्ता गर्नेगरी सरकारले हाल कुनैपनि विधेयक ल्याएको छैन । अघिल्लो प्रतिनिधि सभाको कार्यकाल सकिएपछि २७ वटा विधेयक निष्क्रिय भएकामध्ये सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) सम्बन्धी विधेयक दर्ता भए पनि अन्य विधेयक सरकारले संसद सचिवालयमा दर्ता गराएको छैन । प्रतिनिधि सभामा ४ वटा विधेयक र राष्ट्रिय सभामा ९ वटा विधेयक विचाराधीन अवस्थामा छन् । प्रतिनिधि सभामा सम्पत शुद्धीकरणसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक छ भने राष्ट्रिय सभाबाट प्रतिनिधि सभामा सन्देशसहित तीन वटा विधेयक प्राप्त भएका छन ।

अनुगमन तथा मूल्यांकन विधेयक, २०७६, अभिलेख संरक्षण पहिलो संशोधन विधेयक, २०७७, खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ सन्देशसहित प्राप्त भएको छ । संसदमा बिजनेस सरकारले दिने भएकाले सरकारले दर्ता गरेको अवस्थामा विधेयकहरु सचिवालयमा आएर रोकिने अवस्था रहदैन । हालसम्म प्रतिनिधि सभामा ४ वटा विधेयक र राष्ट्रिय सभामा ९ वटा विधेयक विचाराधीन अवस्थामा रहेको छ । प्रतिनिधि सभाको आगामी बैकठमा सम्पत्ति ती शुद्धीकरणसँग सम्बन्धित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक पेस हुने सम्भावना रहेको छ । अन्य दुई विधेयक सन्देश प्राप्त भएर वितरणमा गएका छन् । अघिल्लो प्रतिनिधि सभाको कार्यकाल सकिएपछि २७ वटा विधेयक निष्क्रिय हुन पुगेका थिए ।' प्रतिनिधि सभामा खाद्य स्वच्छता तथा गुणस्तर विधेयक पेस भइसकेको छ ।

प्रतिनिधि सभाको आगामी बैठकमा सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक पेस हुने सम्भावना रहेको छ । 'नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक पनि निष्क्रिय हुन पुगेको थियो । त्यही ऐनमा समावेश भएका केही विषयवस्तुहरुलाई समेटेर सम्पती शुद्धीकरण मनि लाउण्डरिङ निवारण तथा व्यवसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयक आएको हो ।'अन्य निष्क्रिय भएका विधेयकहरु त्यसलाई रिप्लेस गर्ने गरी आएको छैन । सरकारले संसदलाई बिजनेस दिन नसकेको कारणले सांसदको उत्साह घट्दै गएको छ।सरकारले ससद कहिलेसम्म चल्ने हो भन्ने सुनिश्चितता दिन नसकेकाले सांसदहरुले संसदमा आएका विधेयकहरुमा ध्यान दिन सकेका छैनन।अहिलेको अवस्था एक दिन संसद बस्ने, खासै बिजनेस नहुने, सांसदहरु आवतजावत गरिरहनुपर्ने परिस्थिति छ । सरकारले संसदको निश्चित अवधि, विषयवस्तुको बारेमा सांसदहरुलाई जानकारी दिए सरकारले ल्याउने विधेयकहरुमा सांसदहरुलेद पनि पूर्ण ध्यान केन्द्रित हुने थिए ।

वर्तमान सरकारले एक दिन संसद बोलाउने र लामो समयसम्म संसद बैठक नबोलाउँदा सांसदहरु गृहजिल्लातर्फ जाने र संसदमा ध्यान केन्द्रित नहुने गरेको देखिएको छ । 'सरकारले निश्चित अवधिसम्म यी विधेयकमा यि विषयवस्तुमा संसदमा सघन रुपमा छलफल हुन्छन्, निरन्तर रुपमा छलफल हुन्छन्, ती कामहरु नसकिएसम्म छलफल हुन्छ, भन्ने सुनिश्चितता भयो भने सम्पूर्ण प्रतिनिधि सभा सांसदहरुको ध्यान पनि त्यतातिर सम्पूर्ण रुपमा केन्द्रित हुन्छ ।' संसदीय समितिहरु अहिलेसम्म पनि बन्न नसक्नुले संसदको गरिमा, औचित्य, जिम्मेवारी पूरा गर्ने काममा समस्या आएको छ । 'जतिपनि महत्वपूर्ण विधेयकहरु छन्, ती विषयलाई एकमुष्ट रुपमा सरकारले छलफलका लागि संसदमा पेस गर्नुपर्छ र त्यसको लागि चाहिने आवश्यक समयको समेत ख्याल राखेर यति समयसम्म संसद निरन्तर चल्छ भन्ने सुनिश्चितता सरकारले गर्नुपर्छ । त्यो अहिलेसम्म भइरहेको छैन, फाटफुट संसद बस्छ, बल्ल दुई वटा विधेयक पेस भएको अवस्था छ ।

संसदका समितिहरु पनि अहिलेसम्म बन्न सकेका छैनन् । संसदको गरिमा, औचित्य, जिम्मेवारी पूरा गर्ने काममा समस्या आएको छ ।' राजनीतिक दलको दाउपेचले संसद छायाँमा पर्दै गएको छ । संघीय संसदको यो अधिवेशन लगत्तै बजेट अधिवेशन पनि सम्मुखमा छ । संसदमा रहेका राजनैतिक दलहरु अहिले कसलाई राष्ट्रपति बनाउने भन्ने कसरतमा लागेका छन् । फागुन २५ गतेसम्म त्यसै रस्साकसीमा समय जानेछ । त्यसको परिणामले अहिलेको सरकारको भविष्य निर्धारण गर्ने भएकाले सरकारले संसदलाई बिजनेस दिन नसकेको बुझ्न सकिनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गर्मी बढ्यो

**रासस**
काठमाडौं, ९ फागुन

यस वर्षको हिउँदे याम नसकिँदै गर्मी सुरु भएको छ ।

पछिल्ला दिनमा तापक्रम निरन्तर वृद्धि हुँदै गएकाले गर्मी महसुस गरिएको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका मौसमविद् रोजन लामिछानेले हिउँदे वर्षा पर्याप्त नहुँदा सुक्खापन बढेकाले यो वर्ष चाँडै गर्मी सुरु भएको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले अधिकतम तथा न्यूनतम तापक्रम बढिरहेको छ । पश्चिमी वायु सक्रिय नभएकाले वर्षा नहुँदा चिसो बढ्न नसकेकाले पनि तापक्रम बढेर चाडै गर्मी महसुस गरिएको हो ।" अघिल्लो वर्ष हिउँदमा पश्चिमी वायु बढी सक्रिय रहेकाले हिउँदे वर्षा राम्रोसँग भएको थियो । यस पटक वर्षा गराउने मौसमी प्रणाली प्रभावकारी नभएकाले वर्षा हुन नसकेको मौसमविद्को भनाइ छ ।

मौसमविद् लामिछानेका अनुसार प्रि मनसुनको सिजन नजिकिएकाले पनि तापक्रम बढिरहेको छ । हिउँदे वर्षा गराउने मौसमी प्रणाली विकसित भए पनि त्यसको सक्रिय प्रभाव नभएकाले देशका सुदूरपश्चिम र कर्णाली प्रदेशमा बढी वर्षा भएको छ । बाँकी क्षेत्रमा अपेक्षित वर्षा नभएकाले बाली लगाएका किसानसमेत मर्कामा परेका छन् । सुक्खापनले पर्यावरणमा समेत असर परेको छ । सामान्यतया नेपालमा हिउँदे वर्षा मङ्सिर दोस्रो सातामा सुरु भएर फागुन दोस्रो सातासम्म रहन्छ । तर यस वर्ष हिउँदे वर्षा पर्याप्त मात्रामा हुन सकेन । महाशाखाको पछिल्लो विवरणमा आज काठमाडौँको न्यूनतम तापक्रम १० र अधिकतम तापक्रम २४ डिग्री सेल्सियस रहेको छ ।

धार्मिक विश्वासअनुसार शिवरात्रि पर्वका बेला मौसम धुम्मिन्छ र केही मात्रामा चिसोसमेत हुन्छ । तर यो वर्ष शिवरात्रिका बेला पनि पानी पर्न सकेन । हाल देशमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ । उक्त मौसमी प्रणालीको प्रभावले अहिले प्रदेश नं १ लगायत देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली तथा देशका बाँकी भू-भागहरूमा आंशिक बदली रहेको छ । प्रदेश नं १ का पहाडी भेगका एक दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ । देशका उच्च पहाडी तथा हिमाली भेगका थोरै स्थानहरूमा हल्का हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ ।

# आमाहरूको अभियान: 'मदिरा र जुवातासमा रोक'

**पोखरापत्र संवाददाता**
बेनी, ९ फागुन

म्याग्दीको मालिका गाउँपालिका-५ मगरदाङ्मा 'मदिरा सेवन र बिक्री वितरणसँगै जुवातास खेल्न रोक' लगाइएको छ । स्थानीय मगरदाङ आमा समूहले गाउँभेलामार्फत सामाजिक नीति नियम तयार गरेर लागू गरेका हुन् ।

समाजमा भएका विकृति विसङ्गतिलाई हटाउँदैं सभ्य समाज निर्माणमा सहयोग गर्ने अठोटका साथ गाउँमा मदिरा सेवन र बिक्री वितरण तथा जुवातास खेल्न रोक लगाइएको आमा समूहका अध्यक्ष राजमति बुढाले बताउनुभयो । ''युवा कुलतमा फस्दा सिङ्गो समाजलाईनै प्रभावित बन्ने गरेको छ, सार्वजनिक स्थानमा मदिरा सेवन र बेचबिखन गर्नेलाई जरिवानै तोकेका छौं'', अध्यक्ष बुढाले भन्नुभयो । महिलालाई आत्मनिर्भर बनाउँदै मौलिक संस्कृति संरक्षण तथा समाजमा भएका विकृति विसङ्गतिको अन्त्यको लागि सक्रिय समूहले समाजमा जुवातास खेल्न तथा मदिराजन्य पदार्थको सेवन गर्न निषेध गरेको आमा समूहले जनाएको छ । गाउँभरिका पसलमा सिसा, बियर तथा रक्सीका कुनैपनि सामग्री लिएर बेचविखन गर्न नपाइने नियम बनाइएको अध्यक्ष बुढाले जानकारी दिनुभयो ।

समाजलाई सभ्य बनाउन र विकृति नियन्त्रण गर्न समूहले चालेको अभियानलाई सार्थक बनाउनुपर्ने निर्वतमान वडाध्यक्ष समेत रहनुभएकी स्थानीय अगुवा पिपला बुढाले बताउनुभयो । उहाँले समाज परिवर्तन र रुपान्तरण सबैको साझा दायित्व भएकाले आमा समूहले सञ्चालन गरेको अभियानमा सबैले साथ दिनुपर्ने बताउनुभयो ।

आमा समूहले मदिरा लगायतका मध्यपानको हानि र असरको बारेमासमेत टोल र बस्तीस्तरमा सचेतना अभियान सञ्चालन गर्न सुरु गरेको छ । घरघरमा पुगेर मध्यपान र जुवातासमा लगाइएको निषेधको बारेमा जानकारी गराउने र अटेर गर्नेलाई जरिवाना सहितको कारबाही गरिनेबारेमा सचेतना जगाउन थालिएको आमा समूहकी सचिव स्थानीय शिक्षिका सुनिता पुनले बताउनुभयो ।

उहाँका अनुसार कसैले नियमविपरीत कार्य गर्ने गराउने तथा रक्सी खाएर समाजमा हो-हल्ला, झै-झगडा तथा अशान्ति फैलाउने गरेमा पहिलो पटक रु पाँच हजार, दोस्रो पटक रु १० हजार र तेस्रो पटकमा रु १५ हजार जरिवाना गर्ने र प्रहरी प्रशासनलाई जिम्मा लगाउने नियम बनाइएको छ ।

# मनाङकी मनुद्वारा माउन्ट अकान्कागुवा आरोहण

**रासस**
मनाङ, ९ फागुन

हिमाली जिल्ला मनाङकी मनु गुरुङले माउन्ट अकान्कागुवाको सफल आरोहण गर्नुभएको छ ।

अर्जेन्टिनाको मन्डोजा प्रदेशमा रहेको ६ हजार नौ सय ६० मिटर अग्लो हिमाल चढ्न उहाँ फेब्रुअरी १ मा त्यसतर्फ जानुभएको थियो । दक्षिण अमेरिकी महादेशको यो सबैभन्दा अग्लो हिमाल हो । नासों गाउँपालिका-७ की गुरुङ लामो समयदेखि पर्वतीय पर्यटनमा आबद्ध रहेर पर्वतारोहणमा भाग लिँदै आउनुभएको छ ।

उहाँले यसअघि नै अन्नपूर्ण क्षेत्रको टेन्ट, चुलु पश्चिम, अन्नपूर्ण चौथो, मिरा, आइल्यान्ड, फोकाल्दे, लोबुचे र धम्पुस पिकको सफल आरोहरण गरिसक्नुभएको नासों गाउँपालिका अध्यक्ष धनबहादुर गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार माउन्टेन 'वुमन अफ द वर्ल्ड' नेटवर्क नामक संस्थाले विभिन्न देशका १५ जना महिलालाई आरोहणमा सघाएको हो ।

# संगम कप विल स्मृति फुटवल प्रतियोगितामा भ्याली, ए–पेक्स र नव आर्दशको जित

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन



भ्याली स्पोटेर्स क्लव, ढिकुर पोखरीको ए–पेक्सको समुह र नव आर्दश सामुदायिक विकास समाजले पोखरामा जारी आठौं संस्करणको संगम कप विल स्मृति फुटवल प्रतियोगिता २०७९ को क्वाटरफाइनलमा प्रबेश गरेका छन् ।

पोखरा रंगशालामा मंगलबार भएको प्रि–क्वाटर फाइनल खेलमा जित हासिल गरेका तीन समुह नै क्वाटरफाइनलमा प्रबेश गरेको आयोजक संगम क्लवले जनाएको छ । पोखरा रंगशालाको बैकल्पिक फुटवल मैदानमा भएको पहिलो खेलमा भ्याली स्पोर्ट्स क्लवले हेमजा यूनाइटेड क्लवलाई ३–० को सहज जित दर्ता गर्‍यो । भ्यालीको जितमा अजय श्रेष्ठले दुई र फनस कार्कीले एक गोलको योगदान दिए । श्रेष्ठले खेलको १५ र २१ मिनेटमा गोल गरे भने कार्कीले २५ मिनेटमा गोल गरे ।

निकै प्रतिष्प्रर्धामा भएको दोश्रो खेलमा जित निकाल्न ए–पेक्सले सडेनडेथको सहायता लिनु पर्‍यो । ए–पेक्सले इन्द्रेणी एकिकृत बिकास केन्द्रलाई ३५/३५ मिनेटको निर्धारितमा दुबै तर्फ एक/एक थपिएको १०/१० मिनेटको अतिरिक्त समयमा दुबै तर्फ गोल हुन नसके पछि टाईब्रेकरमा पनि दुबै तर्फ ४/४ गोल भए पछि खेल सडेन डेथबाट टुंगिएको हो । सडेन डेथमा जोन तामाङले प्रहार गरेको वल विपक्षि गोलरक्षक समिर सुवेदीले उत्कृष्ट बचाउ गर्दा ए–पेक्सले क्वाटरफाइनलमा यात्रा बनाउन सफल भयो । ए–पेक्सका आयुष गुरुङले सडेन डेथमा गोल गरे । टाइब्रेकरमा एपेक्सका सुब्बा थापा, रोशन कुनवार, सोनिक श्रेष्ठ र अस्विन गुरुङले गोल गर्दा अविशेक श्रेष्ठले गोल गर्न चुके । त्यस्तै इन्द्रेणीका विनय तामाङ, भिर तामाङ, कुसल तामाङ र रोकेश राईले टाईब्रेकरमा गोल गर्दा आइते तामाले गोल गर्न चुके । निर्धारित समयमा इन्द्रेणीका साइमन तामाङले खेलको ३५ औं मिनेटमा र ए पेक्सका सोनित श्रेष्ठले ४५ औं मिनेटमा गोल गरेका हुन् ।

मंगलबारको तेश्रो खेलमा नव आर्दश सामुदायिक विकास समाजले ड्याम सायड क्लवलाई २–० को गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनलमा यात्रा बनायो । नव आर्दशको जितमा खेलको ४ मिनेटमै पुनल राई र खेलको ६८ मिनेटमा सन्नी गुरुङले गोल गरे । पोखरा १३ मा रहेको संगम क्लवको आयोजनामा फुटवल खेलको विकास गर्ने उद्धेश्यले यही फागुन १३ गतेसम्म पोखरा रंगशालामा हुने उक्त प्रतियोगितामा १६ टिमको सहभागिता रहेको प्रतियोगिताका संयोजक शिव गुरुङ (माया) ले बताए । प्रतियोगिताका विजेतालाई १ लाख ७५ हजार, उपविजेतालाई १ लाख साथमा ट्रफी मेडल र प्रमाण पत्र वितरण गरिने भएको अध्यक्ष गुरुङले बताए । तल्लो स्तरबाटै फुटवल खेलको विकास गर्ने उद्धेश्यले उक्त प्रतियोगितालाई क्लवले निरन्तर रुपमा आयोजना गर्दै आएको उनले जनाए । प्रतियोगिताको मुख्य प्रायोजकको रुपमा सहारा हङकङ र संगम एल.जी.हङकङ रहेको छ । यसैबिच बुधबार प्रि–क्वाटर फाइनलका तीन खेलहरु हुने भएका छन्। बुधबार विहान ८:०० बजे देखि पोखरामा खेल सुरु हुने भएको म्याच कमिस्नर खिम बहादुर गुरुङले बताए ।

# पृथ्वीराजमार्गको दुवैतर्फ पैदलमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ फागुन

तनहुँको आँबुखैरेनी गाउँपालिकाले पृथ्वीराजमार्गअर्न्तगत आँबुखैरेनी बजारको मुख्य सडकको दायाँबायाँ पैदल मार्ग निर्माण सुरु गरेको छ ।

गाउँपालिकाले सडकको दायाँबायाँ नाला बाहेक तीन मिटरभित्र पैदल मार्ग निर्माण थालेको हो । यसअघि पैदल मार्ग निर्माणका लागि गाउँपालिकाले आँबुखैरेनी चोकदेखि पालिकाको कार्यालयसम्म र आँबुखैरेनी चोकदेखितल्लोबजारसम्मसडकको नाला बाहेक तीन मिटरभित्र पर्ने संरचना हटाएको थियो । पैदलमार्ग निर्माण गरी बजार क्षेत्रलाई व्यवस्थित गर्न लागिएको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो । विसं २०७९ माघ १५ गतेदेखि निर्माण थालेको पदमार्ग २०८० जेठभित्र सम्पन्न गर्ने लक्ष्य छ ।

बजार क्षेत्रलाई व्यवस्थित गर्न, सडक दुर्घटना न्यूनीकरण गर्न, बजार क्षेत्रलाई सफा तथा सडक बत्ती र सिसी क्यामेरा जडान गरी सुरक्षित बनाउने योजना छ । उक्त कार्य गाउँपालिकाले रु ६२ लाख ४० हजार लागतमा निर्माण गर्न लागेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो ।

# रोटरी क्लब अफ पोखरा अन्नपुर्ण र वरिष्ठ न्युरो सर्जन बिच अन्तरक्रिया

**प्रतीक्षा पौडेल /समिक्षा गौतम**
पोखरा, ९ फागुन



रोटरी क्लब अफ पोखरा अन्नपुर्णको आयोजनामा वरिष्ठ न्युरो सर्जन डाक्टरहरु संग एसओएस वाल गृह रामवजारको सभाहलमा पक्षघात तथा मस्तिष्क घात सम्बन्धी अन्तरक्रिया सम्पन्न गरेको छ ।

सो अवसरमा उपेन्द्र देवकोटा मेमोरियल न्युरो अस्पतालकी संस्थापक तथा कार्यकारी अध्यक्ष प्रा.डा. मधु दिक्षित देवकोटाले पोखरामा आएर रोटरीयनहरुसंग अन्तरक्रिया गर्न पाउँदा अत्यन्तै हर्षित भएको वताउँदै न्युरो सम्बन्धि रोगको उपचार सर्वसुभल रुपमा नेपाल मै गर्ने उद्धेश्यले अत्याधुनिक प्रविधियुक्त न्युरो अस्पताल स्थापना गरिएको वताइन् । सो अवसरमा उक्त अस्पतालका न्युरो सर्जरी विभागिय प्रमुख डा. निकुञ्ज योगी, न्युरो सर्जन डा. सागर कोइराला, न्युरोलोजिष्ट डा. अञ्जिल महर्जनले मस्तिष्क घात तथा पक्षघातका लक्षणहरु, रोकथामका उपायहरु र उपचारको लागि नेपालका अस्पतालमहरुमा उपलब्ध सुविधाहरुको वारेमा जानकारी दिएका थिए । दैनिक जिवनयापन, खानपिन लगाएतले कम उमेर मै स्ट्रोकहरु हुन थालेको वताउँदै विगतमा मस्तिष्कघातको उपचार अप्रेसन गरेर गर्नुपर्नेमा हालको नयाँ प्रविधिले विना अप्रेसन नसाबाट नै उपचार सम्भब भएको बारेमा वताएका थिए ।

रोटरी इन्टरनेशनल ३२९२ क्लबको सन् २०२६/२७ का नोमिनि डिजि विनोद कोइरालाले उपेन्द्र देवकोटा मेमोरियल न्युरो अस्पताल र रोटरी क्लबको सहकार्यमा सचेतना कार्यक्रम गर्न सकिने वताए । कार्यक्रममा अस्पतालका प्रमुख कार्यकारी अधिकृत मिलन गुरुङले अस्पतालले उपलब्ध गराएका सेवा सुविधाहरुको वारेमा जानकारी दिदै विकसित देशमा प्रयोगमा आएका नयाँ प्रविधिहरु नेपालमै उपलब्ध गराउने गरिएको वताए । सो अवसरमा पोखरा १५ का पुर्व वडाअध्यक्ष मिन बहादुर गिरी शुभकामना व्यक्त गर्दै यस प्रकारका स्वास्थ्य सचेतना मूलक कार्यक्रमहरुलाई क्लबले निरन्तर गर्नुपर्ने वताए । कार्यक्रम संयोजक प्रेसिडेन्ट इलेक्ट तोयबहादुर भट्टराई तथा पुर्व अध्यक्ष रोस गुरुङले सामाजिक सेवामा समर्पित व्यक्ति स्वस्थ हुन सकेमा मात्रै अरुको सेवा गर्न सकिने कुरालाई हृदयदेखि मनन गरी डाक्टरहरुसंग अन्तरक्रिया कार्यक्रम गरिएको वताए । क्लबका अध्यक्ष देवेन्द्र वास्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत पुर्व अध्यक्ष इश्वर कर्माचार्यले तथा संचालन पुर्व अध्यक्ष बाबुराम वरालले गरेका थिए । (विद्यार्थी पत्रकार)

# पञ्चासे प्राज्ञ मञ्च पुस्तक विमोचन, मञ्चको अध्यक्षमा तिमिल्सिना चयन

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन



पञ्चासे क्षेत्र वरपर रहेका क्षेत्रको जानकारी समेटिएको पुस्तक पञ्चासे प्राज्ञ मञ्चको मंगलबार बिमोचन भएको छ।

पञ्चासे प्राज्ञ मञ्चका प्रथम साधारणसभामा पोखरा २३ का वडा अध्यक्ष रामकाजी गुरुङले पञ्चासे प्राज्ञ मञ्चका विमोचन गरे। उनले भौगोली, शैक्षिक, सामाजीक र इतिहासीक काममा प्राज्ञ मञ्च आवश्यक हुने बताए । पोखरा २३ महागनगरको ठुलो वडा र यसमा अथाहा सम्भावना भएका कारण यसको प्रचार प्रसारमा प्राज्ञ मञ्च पुस्तक सहयोगी हुने बताए।

विमोचन कार्यक्रमा पोखरा वडा नम्बर २३ वडा सदस्य चेतबहादुर क्षेत्रीले पोखरा २३ को विकासका लागि यस्ता पुस्तकहरु आवश्यक हुने बताए । उनले पुस्तकले वडाका विकासका लागि मार्गचित्र बनाउने बताए । कार्यक्रममा सिद्धबराहा माविका प्रधानध्यापक बद्री पराजुलीले यस क्षेत्रका पुराना सम्पदाहरुको संरक्षण गर्नु पर्ने बताए।

कार्यक्रममा पञ्चासे प्राज्ञ मञ्चका अध्यक्ष गंगाधर तिमिल्सिनाले वडा भित्र रहेका प्राकृतिक, जैविक सम्भावनाको खोजी गरेर त्यसको संरक्षण गर्नु पर्ने बताए। उनले यसका विकासका लागि अध्ययन अनुसन्धान गर्नु पर्ने उल्लेख गरे। कार्यक्रममा पञ्चासे प्राज्ञ मञ्चका उपाध्यक्ष नारायण गौतमले स्वगिय प्रा.डा. मोतीलाल पराजुलीको सपना साकार बनाउन आफुहरु लागेको बताए । कार्यक्रममा पञ्चासे प्राज्ञ मञ्चका सचिब विश्वनाथ पौडेलले सबै एक जुट भएर अध्ययन अनुसन्धान गर्नु आवश्यक रहेको बताए। पञ्चासे प्राज्ञ मञ्चको प्रथम अधिबेशनले गंगाधर तिमिल्सिनाको अध्यक्षतमा नयाँ कार्यसमिति चयन गरेको छ । समितिको उपाध्क्षमा नारायण गौतम, सचिब विश्वनाथ पौडेल, कोषाध्यक्षमा घनश्याम पौडेल चयन भएका छन् । सदस्यमहरुमा जिवनाथ लामिछाने, सेतुमाया पराजुली, मिनबहादुर गुरुङ, गंगाधर चापागाइ र यज्ञ तिमिल्सिना चयन भएका छन्।

# लिटिल स्टेप माविको ४० औं वार्षिकोत्सव सम्पन्न

**प्रतीक्षा पौडेल /समिक्षा गौतम**
पोखरा, ९ फागुन



लिटिल स्टेप माध्यमिक विद्यालयले ४० औं वार्षिकोत्सव तथा अभिभावक दिवस मंगलबार सम्पन्न भएको छ।

समारोहको सभापतित्व विद्यालय सञ्चालक समितिका अध्यक्ष शेरबहादुरले गर्नुभएको थियो भने सो कार्यक्रममा प्रमुख आतिथ्यता पोखरा विश्वविद्यालयका कुलपति प्राध्यापक डाक्टर गणेशमान गुरुङ रहनु भएको थियो।

उक्त समारोहमा विज्ञान तथा हस्तकला प्रदर्शनीको समुद्घाटन डाँडाखर्क एकता परिवारका अध्यक्ष भोजप्रसाद गुरुङ एवम् प्रगति आमा समूहका अध्यक्ष कुलमाया पौडेलले गर्नुभएको थियो भने मूल समारोहको समुद्घाटन दीप प्रज्ज्वलनसहित प्रमुख अतिथि गणेशमान गुरुङले गर्नुभएको थियो । समारोहमा हस्तकला प्रदर्शनी र सांस्कृतिक कार्यत्रम प्रस्तुत गरिएको थियो।

समारोहमा प्रमुख अतिथि, सञ्चालक समिति सदस्य भीमनाथ बराल, नगर शिक्षा विकास समन्वय इकाइ, कास्कीका इकाइ प्रमुख नारायण प्रसाद सुवेदी, पूर्व शिक्षक गीता दवाडी, अभिभावक टेकनाथ (विषम् यात्री) लगाएतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

विद्यालयका प्राचार्य पम्फा गुरुङले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने शैक्षिक सत्र २०७८ को सम्पूर्ण शैक्षिक पुरस्कार समेत वितरण गरिएको थियो । कार्यक्रमको संचालन शिक्षकद्वय ताराप्रसाद सुवेदी र चित्रबहादुर अधिकारी एवम् विद्यार्थीले गर्नु भएको थियो।

विद्यार्थी पत्रकार

# जलवायु परिवर्तन : न वर्षा न हिमपात

**-नवीन लामिछाने**
मनाङ, ९ फागुन (रासस)

यसवर्ष हिउँदमा वर्षा हुनुपर्ने हो । तर वर्षा हुन सकेको छैन । पहाड तथा तराईमा वर्षा नहुँदा हिमाली क्षेत्रमा पनि हिमपात हुनसकेको छैन । यसवर्ष हिमाली क्षेत्रमा आवश्यक मात्रामा मात्रै नभइ हिमपात नै हुनसकेन। अहिले जलवायु परिवर्तनको प्रत्यक्ष असर हिमाली क्षेत्रमा परेको देख्न सकिन्छ। हिमाली क्षेत्रमा हिमपात भएर सेताम्मे हिउँ देखिनुपर्ने समयमा काला पत्थर मात्रै देखिन्छ।

हिउँले रुफेर यहाँका धुलो हिलाम्मे हुनुपर्ने समय हो । तर, यसवर्ष यहाँ मौसम प्रतिकूल भएर हिमपात हुनसक्ने सम्भाव्यता देखिए पनि हिउँ पर्न सकेन । मनाङमा हिमपात नहुँदा हिमाल कालापत्थर बन्दै गएको छ। हिमपात नभएपछि यहाँ कृषि क्षेत्रमा सिँचाइको अभाव देखिनेछ। पर्याप्त मात्रामा हिमपात भएको अवस्थामा यहाँ उत्पादन वृद्धि हुने गर्दछ। मनाङको तल्लो क्षेत्रमा वर्षा हुने र माथिल्लो क्षेत्रमा भार हिमपात हुँदा यहाँको उत्पादन फस्टाउने गरेको किसान बताउँछन्।

हिमाली जिल्ला मनाङमा यसपटक हिमपात भएको छैन। यस वर्ष बेमौसममा हिमपात भयो । तर हिमपात हुने समयमा भने हिमपात हुनसकेन। मनाङमा गतवर्ष असोज तेस्रो सातामा नै हिमपात भएको थियो। यस समयमा खासगरी हिमपात हुने समय भने होइन । प्रायःजसो मङ्सिर अन्तिमदेखि हिमपात हुनुपर्ने हो । तर, हिमपात हुँदा जीवनयापनमा समस्या हुने भएकाले यहाँका स्थानीयवासी चिसो र हिमपात छल्न कात्तिक अन्तिम र मङ्सिर पहिलो साता बैँसी झर्ने गर्दछन्। उनीहरू काठमाडौँ, पोखरा, बैँसीसहरलगायतका स्थानतर्फ जाने गर्दछन् । चिसो छल्न मनाङवासी बैँसी झरे पनि हिमपात हुने समयमा यस पटक हिमपात भएन।

हिमपात नहुँदा किसान चिन्तित

हिमपातले हिउँदेबालीमा सिँचाइ हुने भए पनि नहुँदा सिँचाइको अभाव हुने र ढिला हिमपात हुँदा अन्नबालीको उब्जनी घट्ने भएकाले किसानका लागि समयमै हिमपातको महत्व रहेको छ । "यहाँको मुख्य बाली आलु र करु हो । चैत, वैशाखमा लगाइने यी बालीलाई पुसमा हिउँ पर्नुपर्छ । तब मात्र माटो भिज्छ", डिस्याङ गाउँपालिका-१ पिसाङका ७४ वर्षीय पशुपालक किसान याङदुङ गुरुङ भन्नुहुन्छ, "जमिन तातिएपछि हिउँ पर्नाले हिउँको पानी जमिनमुनि नपुग्दै माथि नै सुक्छ । चिस्यान नभए खेतीबालीलाई असर गर्छ।" हिमपात हुनुपर्ने समयमा हिउँ परेन यसवर्ष बाली राम्रो हुने अवस्था नभएको उहाँ बताउनुहुन्छ।

उहाँका अनुसार समयमा हिमपात नहुँदा सबैभन्दा बढी स्याउ उत्पादनमा असर गर्छ । "स्याउ फुल्ने भनेको फागुन, चैतमा हो । माघमा परेको हिमपातले स्याउको जरासम्म सिँचाइ हुन पाउँदैन, यस पटक त हिमपात नै भएन", उहाँले भन्नुभयो। यस पटक उत्पादन नहुने उहाँ बताउँनुहुन्छ। "हिमाली क्षेत्रमा नै हिउँ परेन यहाँ अब पानीको हाहाकार हुने भयो खेतीबालीलाई, के भएको हो ? अहिलेसम्म यस्तो थाहा पाएका थिएनौँ", गुरुङले भन्नुभयो। "मङ्सिरदेखि नै प्रायःजसो हिमपात हुन्थ्यो । अहिले माघ महिनाको पनि आधा कटिसक्यो। तैपनि हिउँ परेको छैन", नासों गाउँपालिका-५ थुतेन लामाले भन्नुभयो, "आकाशमा अलिअलि मात्र बादल लाग्ने गरेको छ । हिउँपर्ने सङ्केत अझै कुनै छाँटकाँट देखिँदैन ।" तापक्रम भने निकै घटेर मौसम चिसिएको उहाँले बताउनुभयो।

नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कुञ्जो तेन्जिङ लामाले उच्च हिमाली क्षेत्रको बस्तीमा हिमपात नभएको बताउनुभयो । कहिलेकाहीँ पानीको छिटा परे पनि हिउँपर्ने सङ्केत नदेखिएको लामा बताउँनुहुन्छ । उहाँका अनुसार चार हजार दुई सय मिटर उचाइमा रहेको नार र चार हजार ५० मिटर उचाइमा रहेको फू गाउँ चिसोका कारण यतिबेला खाली भए पनि हिमपात भएको छैन। गाउँले सबै हिमपात र चिसो छल्न यसअघि नै बैँसी झरिसकेका छन्। मङ्सिर ४ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा मतदानपछि सबै बैँसी झरेको उहाँले जानकारी दिनुभयो । "समयमा हिउँ नपर्दा खेतीबाली उत्पादनमा ह्रास आउने भयो", लामाले भन्नुभयो। विगतमा हिमपात हुन्छ भनेर खाद्यान्न र पशुपक्षीका लागि घाँस व्यवस्थापन गरी बस्ने गरिन्थ्यो । यसपटक सोहीअनुसारको व्यवस्था गरिए पनि हालसम्म हिउँ नपरेको उहाँ बताउँनुहुन्छ । प्रमुख जिल्ला अधिकारी सुप्रभा ढुङ्गाना खनालले मनाङमा हालसम्म जिल्लामा हिमपात नभएको जानकारी दिनुभयो। माथिल्लो मनाङमा हल्का हिमपात भए पनि आवश्यक मात्रामा हिमपात नभएको उहाँ बताउनुहुन्छ।

"मनाङमा हालसम्म हिउँ परेको छैन", उहाँले भन्नुभयो । मनाङमा बस्ती रहेको सबैभन्दा तल्लो क्षेत्र एक हजार सात सय मिटर उचाइमा रहेको तालगाउँमा समेत यसअघि यो समय हिउँपर्ने गर्दथ्यो। मनाङमा जेठमा फापर रोपिन्छ। चैततिर गहुँ, आलु र केराउ लगाइन्छ। मङ्सिर, पुसमा हिउँ परे मात्रै जमिनमुनि चिस्यान पुग्छ र खेतीपाती हुन्छ । अहिले हिउँ परेन खेतीबाली राम्रो हुँदैन । तापक्रम बढेपछि पर्ने हिउँ पग्लिएर माथि-माथि नै सुक्ने किसान बताउँछन्।

चिसोले पूर्वाधार निर्माणमा समस्या

हिमपात नभए पनि यहाँ चिसो बढ्दै गएपछि विकास निर्माणका कार्य गर्न रोकिन्छ। चिसो बढेसँगै माथिल्लो मनाङको पूर्वाधार निर्माणको काम पूर्ण रूपमा ठप्प हुन्छ । गतवर्ष निरन्तरको वर्षाले क्षति पुऱ्याएको निर्माणाधीन भौतिक संरचना निर्माणका कार्य अहिले रोकिएको पूर्वाधार कार्यालयले जनाएको छ। विशेषगरी माथिल्लो मनाङको सडक, पुल, हाइड्रो लगायतको विकास निर्माणका कार्य रोकिएको पूर्वाधार विकास कार्यालय मनाङका प्रमुख जय विष्टले बताउनुभयो।

"सदरमुकाम चामे, नासों गाउँपालिका क्षेत्रमा केही कार्यनिर्माण भइरहेको छ । तर डिस्याङ र नार्पाभूमि गाउँपालिकामा विकास निर्माण तथा पूर्वाधारको कार्य रोकिएको छ", उहाँले भन्नुभयो । चिसोका कारण अहिले जिल्लाका चामे, नासों, नार्पाभूमि र डिस्याङ गाउँपालिकामा विकास निर्माणको काम गर्न नसकिएको विष्टले बताउनुभयो । "हिमपात नै नभए पनि चिसोले माथिल्लो मनाङतर्फको पूर्वाधार निर्माणका काम गर्न कठिन छ। यहाँको काम वर्षमा जम्माजम्मी तीन महिना मात्रै गर्न पाइन्छ", विष्टले भन्नुभयो।

मनाङको मेरुदण्डको रूपमा रहेको चामे-बैँसीशहर सडक खण्डको निर्माणकार्य पनि मौसम प्रतिकूलताका कारण रोकिएको उहाँले बताउनुभयो । प्रायःजसो मनाङको विकास निर्माणको काम गर्न सकिने अवस्था नरहेको उहाँले बताउनुभयो । यससडक खण्डको निर्माणका लागि बहुवर्षीय योजनाअन्तर्गत वार्षिक रूपमा बजेट विनियोजन हुँदै आएको छ । मनाङको सहज यातायातका लागि सरकारले विशेषरूपमा सडक निर्माण तथा विकास निर्माणका लागि बजेट विनीयोजन गर्दै आएको छ। विपदग्रस्त जिल्लालाई समावेश गरेर सङ्घ सरकारमार्फत विपद व्यवस्थापन विभागबाट रु तीन करोड १४ लाख बजेट विनियोजन भएपछि तालगाउँको संरक्षणको लागि तटबन्धन निर्माणको काम भने भइरहेको पूर्वाधार कार्यालयले जनाएको छ । मनाङको तिमाङमा रु २२ करोडको लागतमा सडक ढलानको काम अन्तिम चरणमा पुगेको छ । निर्माणकार्य सकिने अवस्थामा जाडो मौसमले गर्दा केही ढिलाइ हुने भएको जनाइएको छ।

हिमाल कालापत्थर

हिमपात नभएपछि हिमशृङ्खला कालापत्थर देखिन थालेका छन् । हिउँले सेताम्मे ढाकिनुपर्ने हिमाल हिमपात नहुँदा पग्लिएर नाङ्गिन थालेका छन् । पुसदेखि माघसम्म सेताम्मे देखिनुपर्ने हिमालमा यसवर्ष हिमपात हुन नसक्दा हिउँ पग्लिएर हिउँको मात्रा घट्दै गएका छन् । जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा प्रत्यक्षरूपमा पारेको स्थानीयवासीको भनाइ छ। हिमपात नभएपछि हिमालको हिउँ पग्लिएको छ। हिउँ पग्लिएपछि हिमाल नाङ्गिँदै गएका छन् । पछिल्लो वर्षमा हिमपात पर्ने समय नै परिवर्तन भएको छ । मौसम फेरिएर पुस-माघमा हिउँ नपर्ने र फागुन-चैतमा हिउँ पर्ने अवस्था आएको छ।

हिउँ नपरेपछि यतिबेला अन्नपूर्ण दोस्रो, तेस्रो, चौँथो, चलु फरेस्ट, हेम्लुङ, मनास्लु, निलगिरि, तिलिचो पिक, थोराङ पिकलगायतका हिमाल रङ उडेझैं फिक्का देखिन थालेका छन् । मौसमी हिमपात हुन छाडेर बेमौसमी हिमपात हुन थालेपछि स्थानीयवासीले हिमाली तथा उच्च पहाडी क्षेत्रमा जलवायु परिवर्तनको असर महसुस गर्न थालेको अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना मनाङका प्रमुख लेखनाथ गौतमले बताउनुभयो । उहाँका अनुसार समयमा हिमपात नहुँदा हिमालमा हिउँको मात्रा घट्दै जाँदा हिमाल काला पहाडजस्ता देखिन थालेको र जङ्गली फूलहरूमा समेत त्यसको प्रभाव देखिएको छ

पर्यटक घटे

हिमाली जिल्लामा समेत हिमपात नभएपछि हिउँ खेल्न आउने पर्यटक घटे । विगतका वर्षमा हिमपात हुनासाथ मनाङ आउने पर्यटक यसवर्ष आउने वातावरण बनेन । "हिउँ परे हिमाल सेताम्मे हुन्थे, हिमपातपछि मौसम खुल्थ्यो, अहिले दिनहुँ हुस्सु मात्रै छ, हिमाल पनि हिउँविहीन देखिन थालेका छन्, मौसम यसरी नै बिग्रँदै जाने हो भने हिउँदमा हिमपात नै नहुने हो कि भन्ने कौतुहलता बढेको छ", पर्यटन व्यवसायी सङ्घ मनाङका अध्यक्ष विनोद गुरुङले भन्नुभयो।

गत वर्ष पुस पहिलो साता नै हिमपात भएपछि हिउँ खेल्नका लागि पर्यटकको उल्लेख्य आगमन भएको उहाँले बताउनुभयो। यस वर्ष हिउँ नपरेपछि पर्यटन व्यवसायसमेत प्रभावित बनेको उहाँको गुनासो छ। "हिउँ खेल्न पर्यटक खचाखच हुन्थे, हिमपात नभएपछि सबै होटल सुनसान छन्, सुक्खा जाडोको कारण नेपाली पर्यटक पनि घुम्न आउन छाडेका छन्", उहाँले भन्नुभयो । हिउँ नपरे पनि चिसो भने अत्यधिक बढेपछि जनजीवन प्रभावित बनेको छ।

हिमपात भएपछि भने यहाँका पर्यटकीयस्थलमा पर्यटक भरिभराउ हुने गरेका थिए। जलवायु परिवर्तनको असर हिमालमा मात्रै होइन, जङ्गली फूलहरूमा पनि देखिन थालेको छ। चैत-वैशाखमा फूल्ने लालीगुराँस यसवर्ष पुसदेखि नै फुलेको देखिएको छ। जङ्गलमा लालीगुराँस पुसमै फुलेपछि स्थानीय अचम्मित बनेका छन् । "मौसम परिवर्तन हुँदै गएको छ, भारी वर्षा र भारी चिसोको समस्या हरेक वर्ष बढ्दो छ, पानी र हिउँ समयमा पर्दैन, वनका फूल बेमौसममा फुल्न थालेका छन्, यो नै जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव भएको विज्ञहरू बताउँछन्।

# श्री शीतला मा.वि.को वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ९ फागुन



स्याङजा जिल्ला फेदीखोला गाउँपालिका वडा नं.-४, गलेम स्थित श्री शीतला माध्यमिक विद्यालयको ६५ औं वार्षिकोत्सव तथा अभिभावक दिवस समारोह कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ।

वरिष्ठ समाजसेवी, तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मेजर दिल बहादुर गुरुङ (एम.भि.ओ.)को सभापतित्व, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका मन्त्री माननीय पञ्चराम गुरुङको प्रमुख आतिथ्यतामा कार्यक्रम सञ्चालन भएको थियो । स्वागत मन्तव्यको रुपमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वरिष्ठ समाजसेवी मेजर दिल बहादुर गुरुङ (एम.भि.ओ.), सोही विद्यालयका शिक्षक गिरीराज पोखेलले आफ्नो मन्तव्य राख्नु भएको थियो।

कार्यक्रमका प्रमुख अतिथि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका मन्त्री माननीय पञ्चराम गुरुङले आफ्नो मन्तव्य राख्दै स्याङ्जा जिल्लाको फेदीखोला गाउँपालिका भित्र रहेका विद्यालयहरुको शैक्षिक स्तर उकास्नुका साथै गुणस्तरीय शिक्षा प्रदानका लागि आफुले सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए । कार्यक्रममा बोल्दै अन्य वक्ताहरुले प्राविधिक शिक्षामा जोड दिँदै विद्यार्थीहरुको भविष्य अझ उज्जवल बनाउनु पर्ने कुरामा जोड दिनुका साथै हाल आधारभूत आवश्यकता परिपूर्तिका लागि गाउँघरका मानिसहरुको बसाइँ सराई अध्याधिक रुपमा बढ्दै जाँदा गाउँमा रहेका सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको कमी आउन थालेको र गाउँमा भएका विद्यालयहरु समायोजन गर्नु पर्ने स्थिति आएको हुँदा निराशा व्यक्त गरेका थिए । विद्यालयका प्रधानाध्यापक तुलसीराम पौडेलले विद्यालयको वार्षिक, भौतिक, आर्थिक तथा शैक्षिक प्रतिवेदन पेश गर्दै स्थानीय स्तरमा रहेका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा वृद्धि गर्नुका साथै गाउँमै विभिन्न आम्दानीका स्रोतहरुको पहिचान गरी गाउँमै आयआर्जन गर्न सकेको खण्डमा गाउँबासीहरुको बसाइँसराईलाई रोक्न सकिने बताएका थिए।

फेदीखोला गाउँपालिकाका प्रमुख घनश्याम सुवेदीले विद्यालयको स्तरोन्नती तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यमा आफु पछाडी नहट्ने र आफुले सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाउनुका साथै गलेम सम्म पुग्ने सडकहरुको स्तरोन्नती क्रमिक रुपमा भई रहेको पनि जानकारी गराएका थिए । वार्षिकोत्सव कार्यक्रममा विभिन्न सहयोगी संघ-संस्थाहरुलाई सम्मान गरिनुका साथै विद्यालयको पछिल्लो शैक्षिक शत्रमा सर्वोत्कृष्ट अंक ल्याई उत्तिर्ण हुन सफल विद्यार्थीहरु, गरिव, जेहेन्दार विद्यार्थीहरुलाई विभिन्न अक्षयकोष द्वारा सम्मान गरिएको थियो । कार्यक्रममा श्री शितला माध्यमिक विद्यालयका विद्यार्थीहरुले आफ्नो नृत्य प्रस्तुत गर्दै मनोरञ्जन दिलाएका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वरिष्ठ समाजसेवी मेजर दिल बहादुर गुरुङ (एम.भि.ओ.)ले विद्यालय तथा फेदीखोला गाउँपालिकाको विकासमा आफु सँधै अग्रसर रहने र भविष्यका दिनहरुमा पनि सामाजिक कार्यमा लागिरहने जानकारी दिँदै कार्यक्रममा उपस्थित सम्पूर्णलाई धन्यवाद व्यक्त गर्दै कार्यक्रमको समापन गरेका थिए। तेसै गरी सोही विद्यालयका शिक्षक विमल सुवेदी र सूर्य घलानले कार्यक्रम सञ्चालन गरेका थिए।

# सिक्दै, कमाउँदै कार्यक्रम प्रभावकारी

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ फागुन

म्याग्दीको मालिका गाउँपालिका-७ बिमको किसानी प्राविधिक शिक्षालयमा सञ्चालित सिक्दै, कमाउँदै कार्यक्रम प्रभावकारी बनेको छ।

विद्यालयमा सैद्धान्तिकसँगै व्यावहारिक ज्ञान सीपका साथै विद्यार्थीले पशुपक्षीपालन र तरकारी खेती गरेर आम्दानी गरेका हुन्।

बाली र पशु विज्ञान विषयका डिप्लोमा तहको पठनपाठन सञ्चालन गरेको शिक्षालयका प्रमुख करन कँडेलले सिक्दै र कमाउँदै कार्यक्रम प्रभावकारी बनेको बताउनुभयो। "विद्यार्थीलाई सैद्धान्तिकका साथै व्यवहारिक हिसाबले खेती र पशुपालनमा सहभागी गराउँदा सिक्न सहज भएको छ," उहाँले भन्नुभयो "प्रयोगात्मक अभ्यासका लागि गरेको पशुपक्षीपालन र तरकारी खेतीबाट आम्दानी पनि गरेका छन् ।" पशु र बालीविज्ञान विषय पढ्ने विद्यार्थीले आलु, बन्दा, काउली, च्याउ खेतीका साथै हाँस, कुखुरा, बाख्रा, खरायो र बङ्गुर पालेका छन् । एक सयभन्दा बढी विद्यार्थीले सामूहिक रूपमा तरकारी र पशुपक्षीपालन गरेका हुन्। स्थानीय जातको कुखुरापालनबाट खर्च कटाएर रु ४० हजार आम्दानी भएको किसानी माविको सिक्दै कमाउँदै कार्यक्रमका संयोजक सामेल पाण्डेले बताउनुभयो । प्रयोगात्मक अभ्यासका लागि मौसमी र बेमौसमी तरकारी विद्यार्थीले आफै उपयोग गर्न पाएका छन् । उत्पादन भएको तरकारी, पशुपक्षी बिक्री वितरणको काम विद्यार्थी आफैले गर्छन् । बिम गाउँका साथै दरवाङ र बेनीसम्म तरकारी, खसी, बङ्गुर, कुखुरा र हाँस बिक्री हुने गरेको छ।

गोठ र खेतबारीमा प्रयोगात्मक अभ्यास गर्दा शिक्षकले पढाएको सिक्न र बुझ्न तथा सम्झन सजिलो हुने विद्यार्थी सन्ध्या सुवेदीले बताउनुभयो । १५ रोपनीमा आलु रोपेका विद्यार्थीले हाल केन्य र गोब्रे जातको च्याउ उत्पादन गरेका छन्। विद्यालयले बीउ, मल र विषादीको व्यवस्थापन गरेको छ।

तरकारी र पशुपक्षी बिक्रीको आम्दानी खर्च कटाएर विद्यार्थीले बाँड्ने गरेका छन् । तरकारी खेती र पशुपक्षीपालनका लागि विद्यालयलाई युवा स्वरोजगार कोषले रु पाँच लाख उपलब्ध गराएको थियो । यसवर्ष गण्डकी प्रदेशको सामाजिक तथा स्वास्थ्य मन्त्रालयले रु पाँच लाख विनियोजन गरेको छ।